मितिः- २०७५/०३/३२

रामप्रसादराई गाउँपालिका

# गाउँ कार्यपालिको कार्यालय

वैकुण्ठे , भोजपुर
१ नं प्रदेश , नेपाल

## "कृषि, विद्युतीकरण र सडक विस्तार, रामप्रसादराई गाउँपालिकाको पूर्वाधार विकासको आधार"

रामप्रसादराई गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम
आ.व. २०७५/७६
गाउँ कार्यपालिकाबाट स्विकृत मिति २०७५ असार ३२ गते

# "कृषि, विद्युतीकरण र सडक विस्तार, रामप्रसादराई गाउँपालिकाको पूर्वाधार विकासको आधार"

## "रामप्रसादराई गाउँपालिकाको बार्षिक निति तथा कार्यक्रम २०७५/७६"

**यस सभाको सभाअध्यक्ष ज्यू ।**

**अतिथि ज्यूहरु**

**गाउँसभाको सम्पुर्ण सदस्य ज्यू हरु ।**

**पत्रकार साथीहरु, वुद्धिजिवी एवम उपस्थित सम्पूर्ण महानुभावहरु र**

**रामप्रसादराई गाउँपालिकावासी दाजुभाई तथा दिदिबैनीहरु**

सर्वप्रथम यस रामप्रसादराई गाउँपालिकाको ऐतिहासिक तेस्रो नीति तथा कार्यक्रम सहित वजेट बक्तव्य गर्नु पूर्व संघीय लोकतन्त्र गणतन्त्रात्मक व्यवस्थाको लागी ईतिहासको विभिन्न कालखण्डमा राष्ट्र राष्ट्रियता लोकतन्त्र र जनजीविकाको पक्षमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्न सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

२०६२/६३ को ऐतिहासिक जनआन्दोलनको उपलब्धीलाई संस्थागत गर्न जनताबाट निर्वाचित प्रतिनिधिले बनाएको नेपालको संविधान मिति २०७२ आश्विबन ३ मा जारी पश्चा‍ात कार्यान्वयनको चरणमा छ । संविधानतः व्यवस्था भएको केन्द्र प्रदेश र स्थानीय तहको नयाँ संरचना ७५३ स्थानीय सरकार प्रदेश सरकार र १ केन्द्र सरकारको गठन र निर्वाचन प्रक्रिया सम्पन्न भैसकेको छ । हामीले आ.व. २०७४/७५ को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै प्रदेश सभा केन्द्र संघको निर्वाचन भै नसकेको अवस्थामा थियौं तर आज नयाँ र फरक मार्गदर्शनको बीचमा आ.व. २०७५/७६ को वार्षिक नीति कार्यक्रम र बजेटको तयारीमा छौं ।

**यस ऐतिहासिक समारोहमा उपस्थित आदरणीय जनसमुदायहरु**

लोकतन्त्र भनेको जनताको शासन व्यवस्था हो । आफुमाथि शासन गर्ने प्रतिनिधि उनीहरुले आफै चुन्छन् । त्यसैले भनिन्छ लोकतन्त्रमा जनताको बोली बिक्छ । तर लोकतन्त्र आफैमा लगाम बिनाको घोडा भने होइन । त्यहाँ जनतालाई लोकतन्त्र हुन्छ तर आफनै प्रतिनिधिद्धारा बनाईएको विधिले कोरेको सिमा बाहिर जान मिल्दैन त्यसो भएमा विधिको शासन रक्षाको लागी स्थानिय सरकार उपस्थित हुन्छ । स्थानिय सरकार भनेको लोकतन्त्ररुपी सिक्का‍ाको त्यो पाटो हो जहाँ सन्तुलन र नियन्त्रण बैध सयंन्त्रहरु क्रियाशिल हुन्छन् । गत वर्ष सम्पन्न २०७४ साल असार १४ गतेको स्थानीय तहको निर्वाचनबाट यस रामप्रसादराई गाउँपालिकाको गरीमामय उपाध्यक्ष पदको जिम्मेवारीमा पुर्या‍ाई आजको यस ऐतिहासिक रामप्रसादराई गाउँपालिकाको तेस्रो नीति तथा कार्यक्रम सहित वजेट वक्तव्य प्रस्तुत गर्ने सुनौलो अवसर प्रदान गराउन अहम भूमिका खेल्नुहुने सम्पुर्णमा यस रामप्रसादराई गाउँपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु ।

२० वर्षको लामो रित्तमा पछि नेपाली जनताले आफना स्थानीय जनप्रतिनिधि छान्ने सु-अवसर प्राप्त गरेका छन् । सविधानको कार्यान्वयन आत्मनिर्भरता स्वाधिन अर्थतन्त्र निमार्ण राष्ट्रिय स्वाभीमान समृदीको बाटोमा रामप्रसादराई गाउँपालिकालाई अगुवाई गर्ने ऐतिहासिक जिम्मेवारी हाम्रा सामु छ ।

हामी यस रामप्रसादराई गाउँपालिकामा निर्वाचित भइरहदा यस क्षेत्रमा गरिबी उत्पीडन भौगोलीक कठीनाइ जस्ता यावत समस्याहरुका बावजुद अल्पकालीन मध्यकालीन तथा दिर्धकालीन विकासका प्रयास सम्भावनाहरुलाई खोज तथा अनुसन्धान गरि जनताका जीवनसँग प्रत्यक्ष जोडिएका विषयवस्तुहरु जस्तै कृषि विधुतीकरण सडक स्वास्थय शिक्षा पर्यटन खानेपानी संचार प्रविधि सामाजिक सुरक्षा सिचाँई लगायतका क्षेत्रलाई मध्यनजर गरी सम्बृद्ध र सुन्दर गाउँपालिकाको परिकल्पना सहित रामप्रसादराई गाउँपालिकाको नीति तथा कार्यक्रम सहितको बजेट बक्तव्य गरिएको छ ।

गाउँपालिकाले प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतःनेपालको अनुसुची ८ र ९ मा उल्लिखित स्थानिय तहको एकल तथा साझा अधिकार सुचि आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली मौलिक हकहरु आर्थिक सामजिक विकास प्राकृतिक श्रोतको उपयोग नीति वातावरण संरक्षण सम्बन्धी नीतिहरु नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानिय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु स्थानिय तहको आबधिक योजनाले तय गरेका आर्थिक तथा वित्तिय नीतिहरु स्थानिय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु स्थानिय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण दिगो विकास जलवायु परिवर्तन विपद व्यवस्थापन खाद्य तथा पोषण सुरक्षा लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास वालमैत्री स्थानिय शासन वातावरणमैत्री स्थानीय शासन खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु स्थानिय तहको मध्यकालिन खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु स्थानिय तहले देखेको विविध विषयहरु अर्थ मन्त्रालय संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय र अन्यबाट प्राप्त मार्गदर्शन र बजेट सिलिङ सहभागितामुलक योजना तर्जुमा अनुरुप वडाभेलाहरु बाट छनौट गरिएका आयोजना कार्यक्रम वडा स्तरीय आयोजना कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउ

कार्यपालिका बाट स्वीकृत गरी सार्वाजनिकरणका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व. २०७५/७६ को बजेट प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्द्रर्यता सास्कृतिक विविधता मेहनती र परिश्रमी जनता कृषि तथा ओषधिजन्य जडिबुटिहरु पर्यटन जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेका रामप्रसादराई गाउँपालिकामा दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामजिक सास्कृतिक आर्थिक विकास हुन सकेको छैन । यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग सकारत्मक सोच दृढ संकल्प र सामुहिक ईच्छाशक्तिका साथ यस रामप्रसादराई गाँपालिकाको नयाँ भविष्य कोर्न जिम्मेवारी यस गाउँपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएको छन् । त्यसैल् समृद्ध रामप्रसादराई गाउँपालिका निर्माण गर्न हामीलाई यहाँका जनताले ऐतिहासिक अवसर दिएका छन् जुन अवसरलाई हामीले उच्चतम उपयोग गर्नु अत्यन्तै आवश्यक छ ।

सभाअध्यक्ष जयू सदस्य जयूहरु तथा उपस्थित महानुभावहरु

अब म बजेट तथा कार्यक्रमको उद्देश्य र मुख्य मुख्य संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

## बजेटको प्रमुख उद्देश्य

आ.व २०७५/७६ को यस रामप्रससादराई गाउँपालिकाको बजेट तथा कार्यक्रमको प्रमुख उदेश्य आर्थिक सामाजिक पूर्वाधारहरुको विकास गरी यस गाउँपालिकालाई समुन्न त स्तरमा पुर्याउनु रहेको छ ।

यसका लागि कृषि विधुतीकरण सडक पर्यटन र सञ्चार जस्ता महत्वपूर्ण क्षेत्रहरुको आधारभूत पुर्वाधारहरु तयार गर्दै आर्थिक बृद्धि र विकासको ढोका खोल्न प्रभावकारी कार्यक्रमहरु बनाई बजेटको सही परिचालन गरिने छ ।

## मुख्य नीतिहरु

- उज्यालो रामप्रसादराई गाउँपालिका बनाउनको लागी विद्युतलाई पहिलो प्राथमिकतामा राखिएको छ ।
- रामप्रसादराई गाउँपालिकाको अर्थ तन्त्रलाई दिगो बनाउन कृषिजन्य बाली तथा फलफूलहरुको उत्पादकत्व बढाउन विभिन्न कृषि सम्बन्धित कार्यक्रमहरु संचालन गरिने छ । साथै पकेट एरिया निर्धारण गरिने छ ।
- रामप्रसादराई गाउँपालिकाको प्रत्येक वडाहरुलाई केन्द्र सम्म र केन्द्र देखि सदरमुकाम सम्म जोड्ने नीति अनुरुप Track Open भएका र अधुरा रहेका सडकहरुलाई स्तरोन्ननति गरी सदाबहार चल्ने बनाइने छ ।
- रामप्रसादराई गाउँपालिकाको एतिहासिक र सांष्कृतिक धरोहरको रुपमा रहेको गोल्मे नागछाँगा र चुलाचुलीलाई आकर्षक पर्यटकीय स्थलको रुपमा विकास गर्न उचित योजना तथा कार्यक्रमहरु ल्याईनेछ ।
- खानेपानी सरसफाई र फोहोरमैला व्यवस्थापनमा विशेष जोड दिइने छ । सुन्दर र समृद्ध गाउँपालिकको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।
- "म स्वास्थ्य मेरो गाउँपालिका स्वास्थ्य " भन्ने नीतिलाई आत्मासाथ गर्दै स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिने छ ।
- राज्यको मुलधार भन्दा बाहिर रहेका लक्षित समुदायलाई मुलधारमा ल्याउन विशेष कार्यक्रम ल्याइने छ ।

## विद्युतीकरण संचार र प्रविधि

- रामप्रसादराई गाउँपालिकाका अधिकांस जनता विधुतको पहुचबाट टाढा रहेकोले उज्यालो रामप्रसादराई गाउँपालिका अभियान सञ्चालन गरिनेछ र गाउँपालिका केन्द्र लगायत सबै वडाहरुमा क्रमश केन्द्रिय विद्युत प्रशारण लाईनलाई विस्तार गरिनेछ ।

- रामप्रसादराई गा.पा. वडा नं ४ र ३ का अधिकांस घरघुरीमा विद्युत विस्तार भइसकेकोले ति वडाहरुलाई उज्यालो वडा यसै आ.व. मा घोषणा गरी बाकी वडाहरुलाई क्रमस उज्यालो बनाउँदै लगिने छ ।
- समपुरक कोषको सदुपयोग गरी लघु जलबिधुत तथा अन्य नविकरणिय उर्जाको सम्भावनाको पहिचान र विकास गर्न सम्बन्धित सरोकारवालाहरु सँग हरदम समन्वय सहकार्य गरिने छ ।
- आजको यूग सूचना  संचार र प्रविधिको भएकाले कम्तिमा प्रत्येक वडाकार्यालयहरुमा ईन्टरनेटको व्यबस्था गरी सूचना सञ्चार को सञ्जालमा आबद्ध गरिनेछ ।
- आगामी वर्ष हरुमा गाउँपालिकाका सम्भावित क्षेत्रहरुलाई Free WiFi Zone को रुपमा विकास गर्ने व्यवस्था मिलाईनेछ।
- टेलिफोन टावर र नेटवर्क समस्यालाई समाधान गर्न टेलिफोन टावर निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- बैकुण्ठे र मानेभन्ज्याङलाई मध्यनजर गरी ल्याण्ड लाईन टेलिफोन सेवा विस्तार गर्न सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

## कृषि तथा पशु

- कृषिलाई उच्च प्राथमिकतामा राखी विभिन्न उत्पादनमूलक कार्यक्रमहरु कार्यान्वयन गर्दै लगिने नीति अवलम्बन गरिनेछ ।
- एक गाँउ एक उत्पादन कार्यक्रमलाई साकार पार्न कृषि पकेट क्षेत्र घोषणा गरिने छ ।
- कृषिमा आधारित उद्मि व्यवसाय संचालन गर्न विशेष अनुदानको व्यवस्था गर्दै लगिने छ ।
- निर्वाहमुखी खेतीबाट व्यवासायीकरण तर्फ क्रमस अग्रसर गर्दै लगिने छ ।
- रसायनिक मल तथा हानिकारक विषादीको प्रयोगलाई न्युनिकरण गर्दै प्राङगारिक मलको प्रयोगमा प्रोत्साहन गर्दै लगिने छ ।

- "एक गाउँ एक कृषि सहकारी" को अवधारण विकास गर्दै लगिने छ ।
- पशुपालन व्यवसायलाई विशेष प्राथमिकता दिदै पशुसँग सम्बन्धित रोगको पहिचान गरी आवश्यक औषधी उपचारको व्यवस्थापन गरिनेछ ।
- कृषि शित भण्डारको निर्माणका लागी आवश्यक पहल गरिने छ ।

## पर्यटन

- गोल्मे नागछाङ्गा र चुलाचुली गुफाहरुलाई पर्यटकीय हवको रुपमा विकास र विस्तार गर्न आवश्यक सबै पहल गरिनेछ ।
- आन्तरिक पर्यटनलाई प्रवर्द्दन गर्ने विभिन्न महोत्सवहरु गरिने छ ।
- हिन्दुहरुको आस्थाको प्रतिकको रुपमा परिचित भुल्केश्वर शिवालय मन्दिरमा आवश्यक टस्ट्रको व्यवस्था गरिने छ ।
- चुलाचुली गुफालाई संरक्षण र विकास गर्न केही कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## सडक

- गाउँपालिका भित्र रहेका सम्पूर्ण सडकहरुलाई सदावहार संचालन गर्नका लागी आवश्यक स्तररोन्नति गरिने छ ।
- अधुरा तथा निर्माणाधिन सडकलाई उच्चु प्राथमिकता दिदै लगिने छ ।
- रामप्रसादराई गा.पा. बाट छिमेकी गा.पा. तथा न.पा. जोडने सडकलाई पहिलो प्राथमिकता दिदै वजेट विनियोजन गरिने छ ।
- रामप्रसादराई गा.पा. भित्र रहेका वेहेरे खोला, खेना खोला, सिक्तेल खोला, कावाखोलामा आवश्यक पक्की पुल तथा कजवे निर्माणका लागी आवश्यक पहल गरिने छ ।
- रामप्रसादराई गा.पा. भित्र रहेको मुख्य केही सडकहरु प्रदेशबाट बजेट विनियोजन भए पनि अरु मुख्य र ठुला सडकहरु बनाउन को लागी केन्द्रमा पहल गरिने छ ।

## सिचाई

- रामप्रसादराई गा.पा. भित्र खेतीयोग्य जग्गामा क्रमस सिचाईको व्यवसथा गर्दै लगिने छ ।
- अलैची खेती फलफुल खेती तथा तरकारी खेतीमा आवश्यक सिचाईको व्यवस्था
- क्रमस गरिदै लगिने छ ।

## महिला वालवालिका जेष्ठ नागरिक दलित र जनजाती

- महिला वालवालिका दलित उत्पीडित आदीवासी जनजाती विपन्न अपाङ एंव पछाडी परेका तथा वन्चितिकरणमा परेका महिलालाई आत्मानिर्भर वनाउनका लागी व्यवसायिक सीपको व्यवस्था गरिने छ ।
- महिला दलित आदिवासी जनजाती अपाङ्ग पिछडिएको क्षेत्रका समुदायका लागी लोकसेवा आयोगको तयारी कक्षा संचालन गरिने छ ।
- वालविवाह रोक्नर वालवालिकालाई विशेष कार्यक्रम दिईने छ ।
- किशोर किशोरीलाई प्रजनन सवास्थ सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।
- जेष्ठ नागरिकलाई जेष्ठ नागरिक परिचय पत्र वितरण गरिने छ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिने छ ।
- दलित जातीहरुको उत्थानको लागी सिपमूलक तथा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- आदिवासी तथा जनजातीहरुको भाषा संष्कृति तथा पहिचान प्रवर्द्धन गर्नका निम्ति उचित कार्यक्रमहरु ल्याईनेछ ।

## शिक्षा

- रामप्रसादराई गा.पा. भित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न भोतिक तथा प्राविधिक सुविधाको विस्तार गरिने छ। विद्यालयको भौतिक संरचनाको निर्माण, पुननिर्माण तथा मर्मत सम्भार गर्ने, विद्यालयमा शिक्षक अभाबको समस्या, विधार्थीले ट्रान्समफर लिई विद्यालय छोडेर जाने दर घटाउनेजस्ता विभिन्नी कार्यक्रमहरु ल्याईने छ।

- राष्ट्रिय शिक्षा नीति प्रदेश नीतिसँग तादाम्यता राख्दै गाउँपालिकाका शिक्षा योजना कार्यक्रम तयार गरिने छ।
- रामप्रसादराई गा.पा. भित्रका सामुदायीक विद्यालयमा अध्ययनरत विधार्थीहरु मध्ये SEE मा उत्कृष्ट नतिजा प्राप्त गर्ने एक छात्रा र छात्र लाई प्रोत्साहन स्वरुप उचित सम्मान गरिने छ।

## स्वास्थ्य र सरसफाई

- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारि बनाउन टोलटोलमा अभियान सञ्चालन गरिनेछ ।
- नेपाल सरकारको नागरिक स्वास्थ्य कार्यक्रम अन्तर्गत "म स्वस्थ्य मेरो गाउपालिका स्वस्थ्य" जस्ता कार्यक्रम लागु गरिनेछ ।
- रामप्रसादराई गाउपालिका भित्र बसोबास गर्ने गम्भिर रोगी तथा दुर्घटनामा परेका नागरिकलाई उचित सहयोगको व्यवस्था गरिने छ ।
- वालमृत्यु दर मातृ मृत्यु दर घटाउन विशेष पहल गरिनेछ ।
- स्वच्छ खानेपानिको लागि उचित प्रबन्ध मिलाइने छ । खानेपानिको अभाव भोगीरहेका वडाहरुमा उच्च प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ ।
- रामप्रसादराई गाउपालिकालाई पूर्ण सरसफाई उन्मुख घोषणा गर्न आवश्यक पहल गरिनेछ ।
- फोहोरमैलाको उचित व्यवस्थापन गर्न उपयुक्त डम्पिङ साइट तथा ल्यान्डफिल्ड साइटको निर्माण तथा व्यवस्थापन गरिनेछ ।

## खेलकुद

- रामप्रसादराई गाउपालिकाको केन्द्रमा एक रंगशाला र प्रत्येक वडाहरुमा एक खेलकुद मैदान निर्माण गर्नका लागी प्रदेश सरकार सँग निरन्तर समन्वय र पहल गरिनेछ ।
- रामप्रसादराई गाउँपालिका भित्र रहेका प्रतिभावान खेलाडीहरुको पहिचान गर्न विभिन्न खेलका विधाहरु सञ्चालन गरीनेछ ।
- रामप्रसादराई गाउँपालिकाको खेलकुद विकास समितिलाई सबल सक्षम र क्रियाशील बनाउन आवश्यक पहलहरु चालिनेछ ।

## मानव संसाधन तथा संस्थागत विकास

- गाउपालिका अन्तर्गत रहेका जनप्रतिनिधिहरु र कर्मचारीहरुको ज्ञान सिप र सोच लाई विकास गर्न उचित तालिम गोष्ठी अध्ययन अनुगमन जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुको आवश्यकता पहिचान गरि संस्थागत विकासमा टेवा पुग्ने किसिमको प्रयासहरु गरिनेछ ।
- गाउपालिका तथा वडा कार्यालयहरुमा सेवाग्राहीको जानकारिको लागि नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

## वन वातावरण र विपद व्यवस्थापन

- रामप्रसादराई गाउपालिकामा विपद व्यवस्थापन कोष खडा गरिएको छ ।
- प्रत्येक वर्ष विपद व्यवस्थापन कोषमा रकम जम्मा गर्दै लगिनेछ ।
- विपदका बेलामा आवश्यक पर्ने सबै प्रकारका मानवीय जनशक्तिः तथा भोतिक सामाग्रीहरु को उचित प्रबन्ध मिलाउन क्रमश पहल गरिदै लगिनेछ ।
- विपद पूर्वतयारी र प्रतिकार्य गर्नका लागी सम्बन्धित कार्यक्रमहरु लागू गरिनेछ ।

- सम्भावित पहिरोको जोखिम क्षेत्रहरु पहिचान गरी वृक्षारोपण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पर्यावरणीय सन्तुलन कायम गर्न र वातावरण संरक्षण गर्न आवश्यक कानूनी तथा संस्थागत व्यबस्था मिलाईनेछ ।
- सार्वजनिक भवन सामुदायिक, नीजि वनको संरक्षण र बहुउपयोगी नीतिबारे सरोकार पक्षसँग परामर्श गरिने छ ।
- ढुङ्गा, गिटी, बालुवा उत्खनन् र सडक लगायत भौतिक पूर्वधार निर्माण गर्दा भुःक्षय र वन बातावरणलाई असर कम गर्न नीति बनाईने छ ।
- निर्मित सडकहरु अन्तिम अवस्थामा पुग्दै गएपछी सडकमा वृक्षारोपण कार्यलाई अनिवार्य गरिने छ ।
- भूउपयोग नीति बनाई त्यसको अध्ययन गरिने छ ।
- पानीका मूहान तथा कुलोकुलेसहरु संरक्षण तथा व्यवसथित गरिने छ । कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिने छ ।
- जलवायु अनुकुलन सम्वन्धि कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।

## <u>सहकारी तथा वित्तिय</u>

- सहकारीका मूल्य मान्यता सिद्धान्तको आधारमा सहकारी संस्थाहरुको संचालन व्यवस्थापन र नियमन गरिने छ ।
- सहकारी संस्थाहरु मार्फत कृषिजन्य उत्पादन बढाउन कृषकहरुलाई प्रोत्साहित गरिने छ ।
- वचत रिण पुँजि परिचालन को अवधारणा विकास गर्न प्रत्येक वडाहरुमा सहकारिता सम्बन्धी तालिम गोष्ठी सञ्चालन गरिनेछ ।
- प्रत्येक परिवारलाई एक सहकारीमा एक सदस्य बनाउने कार्यक्रम अबलम्बन गरिने छ ।

- जोखिममा परेका सहकारी वित्तिय, समुहहरुको अध्ययन अनुसन्धान गरी संस्थागत र व्यक्तिगत जोखिम न्यूनिकरण गरिने छ ।

## जलउत्पन्न प्रकोप नियन्त्रण

- गाउँपालिका भित्र उच्च जोखिमका क्षेत्रहरु पहिचान गरी भू-क्षय तथा बाढी पहिरो प्रभावित क्षेत्रमा आवश्यक पर्ने तारजालीको व्यवस्था गरिने छ ।
- भू-क्षय प्रभावित क्षेत्रमा वृक्षरोपण कार्यक्रम अगाडी बढाइने छ ।

## वितिय व्यवस्थापन र सुशासन

- संचित कोषबाट हुने सवै प्रकारको सरकारी कारोवार बैक मार्फत मात्र हुने नीति अपनाईनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई नियमित पारदर्शी र व्यवस्थित बनाउन यसै आ व देखि बैकिंग प्रणाली मार्फत गरिने नीति अवलम्बन गरिनेछ ।
- आर्थिक मितव्ययीतालाई जोड दिदै सुशासन अभिवृदिमा जोड दिइने छ ।
- स्थानीय सरकारको अधिकार र मेरुदण्डको रुपमा रहेको करका दायरा र दरलाई सन्तुलित ढंगले पहिचान र परिचालन गर्ने गरी कर संकलन गरिने छ
- पेस्की र बेरुजु फछ्यौट विषयमा अति सम्वेदनसिल भई सावधानी अपनाइने छ
- तोकिएको समयसिमा भित्र योजना सम्भोता र सम्पन गर्न गराउन उपभोक्ताहरु माभः विभिन्न अभियानहरु संचालन गरिने छ ।

## संस्कृति प्रवर्दन

- भाषा साहित्य कला र सस्कृति संरक्षण र सम्वर्दनमा विशेष ध्यान दिइने छ । यससँगै सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

- स्थानिय स्तरमा भएका सबै धार्मिक आस्थाका केन्द्रहरुलाई जिर्ण अवस्थाबाट पुननिर्माण गरी धार्मिक पर्यटन प्रबर्दनलाई थप मजबुत बनाउन विशेष योजना निर्माण गरिने छ ।

**भवन तथा शहरी विकास**

- भवन निर्माण आचार संहिता निर्माण गरी कार्यान्वयन गरिने छ ।
- शहरीकरण हुन सक्ने संभावना भएका ठाउँमा विकास मापदण्डलाई कार्यान्वयन गर्न आवश्यक पहल गरिने छ ।

# गाउँपालिका कार्यक्षेत्रगत व्यय अनुमान

आ व २०७५।०७६

अनुसुची ५

रु हजारमा

| संकेत नं. | शीर्षक | आ.व.२०७३/७४ को यथार्थ | आ.व.२०७४/७५ को संशोधित अनुमान | आ.व.२०७५/७६ को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जन सहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १० | आर्थिक विकास | ० | ० | १६००० | ० | १६००० | | ८५० | ० | ० |
| १०१० | कृषि | | | ११५०० | | ११५०० | | | | |
| १०२० | पशु | | | १००० | | १००० | | | | |
| १०३० | आयूर्वेद | | | ८०० | | ८०० | | | | |
| १०४० | उद्योग तथा वाणिज्य | | | ५०० | | ५०० | | | | |
| १०५० | पर्यटन | | | १५०० | | १५०० | | | | |
| १०६० | सहकारी | | | ५०० | | ५०० | ८५० | ८५० | | |
| १०७० | वित्तीय क्षेत्र | | | २०० | | २०० | | | | |
| | | | | | | | | | | |
| २० | सामाजिक विकास | ० | ० | १६३२१ | ० | १६३२१ | | ० | ० | ० |
| २०१० | शिक्षा | | | ३००० | | ३००० | | | | |
| २०२० | स्वास्थ्य | | | ३००० | | ३००० | | | | |
| २०३० | खानेपानी तथा सरसफाइ | | | २००० | | २००० | | | | |
| २०४० | संस्कृति प्रवर्द्धन | | | २१२१ | | २१२१ | | | | |
| २०५० | खेलकुद तथा मनोरञ्जन | | | १००० | | १००० | | | | |
| २०६० | लै गिक समानता तथा सामाजिक समावेशीकरण | | | ४२०० | | ४२०० | | | | |
| २०७० | आदिवासी जनजाती | | | १००० | | १००० | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| ३० | पूर्वाधार विकास | ० | ० | ३२४०० | ० | ३२४०० | | ० | ० | ० |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | | | १४५०० | | १४५०० | | | | |
| ३०२० | सिचाइ | | | १२०० | | १२०० | | | | |
| ३०३० | भवन तथा सहरी विकास | | | २१०० | | २१०० | | | | |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | | | १४५०० | | १४५०० | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३०५० | सञ्चार | | | १०० | | १०० | | | | |
| | | | | | | | | | | |
| ४० | **वातावरण तथा विपद व्यवस्थापन** | ० | ० | २००० | ० | २००० | | ० | ० | ० |
| ४०१० | वन | | | १०० | | १०० | | | | |
| ४०२० | भू-संरक्षण तथा जलाधार व्यवस्थापन | | | ५०० | | ५०० | | | | |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | | | २०० | | २०० | | | | |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | | | ५०० | | ५०० | | | | |
| ४०५० | जलउत्पन्न प्रकोप नियन्त्रण | | | २०० | | २०० | | | | |
| ४०६० | विपद व्यवस्थापन | | | ५०० | | ५०० | | | | |
| | | | | | | | | | | |
| ५० | **संस्थागत विकास, सेवा प्रवाह** | ० | ० | ६००० | ० | ६००० | | ० | ० | ० |
| ५०१० | मानव संसाधन विकास | | | ८०० | | ८०० | | | | |
| ५०२० | संस्थागत क्षामता विकास | | | ५०० | | ५०० | | | | |
| ५०३० | सुरक्षा व्यवस्थापन | | | ५०० | | ५०० | | | | |
| ५०४० | स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | | | १५०० | | १५०० | | | | |
| ५०५० | पञ्जिकरण व्यवस्थापन | | | २०० | | २०० | | | | |
| ५०६० | सुचना प्रविधि | | | १००० | | १००० | | | | |
| ५०७० | गुरु येजना | | | १५०० | | १५०० | | | | |
| | | | | | | | | | | |
| ६० | **वित्तिय व्यवस्थापन र सुशासन** | ० | ० | ९०० | ० | ९०० | | ० | ० | ० |
| ६०१० | राजश्व परिचालन श्रोत पहिचान अध्ययन | | | ५०० | | ५०० | | | | |
| ६०२० | सार्वजनिक सुनवाइ | | | १०० | | १०० | | | | |
| ६०३० | सामाजिक परिक्षण | | | १०० | | १०० | | | | |
| ६०४० | वार्षिक योजना प्रकाशन | | | २०० | | २०० | | | | |
| | | | | | | | | | | |
| | **कुल जम्मा** | ० | ० | ७३६२१ | ० | ७३६२१ | | ० | ० | ० |